# प्रभाव दैनिक
National Daily

वर्ष १० | अंक १८७ | काठमाडौं | बिहीबार, १६ कात्तिक २०८० | Prabhab National Daily | Thursday, November 2, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**हेलो सरकार : नागरिक सरोकार**

- नागरिकका गुनासा तथा पीरमर्का सुन्न, बुझ्न र समाधान गर्न,
- कुनै निकाय वा पदाधिकारीलाई तोकिएको जिम्मेवारी पूरा गराउन,
- सार्वजनिक सेवालाई पारदर्शी बनाई सुशासन कायम गराउन,

त्यसैले हेलो सरकारमा गुनासो गरौं । सार्वजनिक निकायमा भएका कमी कमजोर, सेवा प्राप्तिमा वञ्चित, अवरोध र अनियमितता रोकौं, जिम्मेवार नागरिकको कर्तव्य पूरा गरौं । कुनै गुनासा तथा पीरमर्का भए हेलो सरकारको निःशुल्क टेलिफोन नम्बर १११‍१ मा खबर गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## पञ्चायतहुँदै गणतन्त्रसम्म चियापान



**नेकपा एमालेले बडादसैं, तिहार, नेपाल संवत् र छठ पर्वका अवसरमा बुधबार ललितपुरको च्यासलस्थित पार्टी कार्यालयमा आयोजना गरेको शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रममा सहभागी नेताहरू ।**
*तस्बिर: प्रदीपराज वन्त/रासस*

- पञ्चायतकालमा बिपीले सत्ताधारीको मनशाय बुझ्न, कांग्रेसप्रति जनताको चाहना बुझ्न र कांग्रेसले उठाएको मुद्दालाई कूटनीतिक नियोगका प्रतिनिधिहरूमार्फत अन्तर्राष्ट्रियकरण गर्न चियापान आयोजना गरेका थिए
- कांग्रेस, एमाले, रास्वपा र राप्रपाले चियापान आयोजना गर्दै आएका छन्
- चियापानलाई नेताहरूबीच सम्बन्ध सुधार र मेलमिलापको कडी बनाउने प्रयास

■ **जेबी योञ्जन**

**काठमाडौं–** कठोर पञ्चायती शासनको बेला पहिलो जननिर्वाचित प्रधानमन्त्रीसमेत रहेका कांग्रेस नेता बिश्वेश्वरप्रसाद (बिपी) कोइराला जेलमा थिए । कांग्रेस प्रचार विभाग प्रमुख मीन विश्वकर्माका अनुसार त्यसबेला बिपीले कार्यकर्तासँग भेट गर्न पाउँदैनथे ।

कूटनीतिक नियोगका प्रतिनिधिहरूमार्फत कांग्रेसको एजेण्डा विश्वभर सुनाउन पाउँदैनथे । राजनीतिक कार्यक्रम गर्ने त परको कुरा । यसपछि कोइरालाले एउटा जुक्ति निकाले- चाडबाडको अवसरमा चियापान कार्यक्रम गर्ने । यसलाई पञ्चायती शासकहरूले प्रतिबन्ध लगाएन ।


प्रचार विभाग प्रमुख विश्वकर्मा भन्छन्, 'चियापानमा बिपी तत्कालीन सत्ताधारी, कूटनीतिक नियोगका प्रतिनिधि र जनतालाई निम्ता दिन्थे । चियापानलाई उनले सत्ताधारीको मनशाय बुझ्ने, कांग्रेसप्रति जनताको चाहना बुझ्ने र कांग्रेसले उठाएको मुद्दालाई कूटनीतिक नियोगका प्रतिनिधिहरूमार्फत अन्तर्राष्ट्रियकरण गर्ने मञ्चको रूपमा प्रयोग गर्न थाले ।'

बिपीको निधनपछि नेता गणेशमान सिंहले चियापानलाई निरन्तरता दिए । त्यसपछि हरेक पार्टी सभापतिले चियापानलाई एउटा परम्पराको रूपमा निरन्तरता दिँदै आएका छन् । यसपटक कांग्रेसले यही ११ कात्तिकमा चियापान आयोजना गर्‍यो । (बाँकी पृष्ठ २ मा)

मिसन टिआरसी

# खेर गयो दाहालको दौडधुप

- गत शुक्रबार प्रधानमन्त्री दाहालले टिआरसी विधेयक टुंगोमा पुर्‍याउन एमाले अध्यक्ष ओलीलाई मनाउने प्रयत्न गरे
- दाहालले संयुक्त राष्ट्रसंघका महासचिव गुटेरेसलाई नेपाल भ्रमणमा बोलाएर अन्तर्राष्ट्रिय दबाब सिर्जना गर्ने काम गरे
- तर ओलीले गुटेरेसलाई दाहालकै कारण शान्ति प्रक्रिया निष्कर्षमा पुग्न नसकेको बताएका थिए
- गिजोलिएको वातावरण सुधार्न दाहालले बुधबार बिहानै बालुवाटारमा देउवा र ओलीसँग छलफल गरे तर संसद्को चालु अधिवेशन अन्त्यमा सहमति जुट्यो, मिसन टिआरसी थाँती नै रह्यो



## चार वर्ष अझै लम्बिने !

टिआरसी विधेयकमा छलफल चलाएको संसदीय उपसमितिले संक्रमणकालीन न्यायको विषय टुंग्याउन दुई आयोगको म्याद अझै चार वर्ष थप्ने प्रस्ताव गरेको छ । विधेयकमाथि दफाबार छलफलपछि संसदीय उपसमितिले दुवै आयोगको म्याद चार वर्ष कायम गर्ने प्रस्तावसहितको प्रतिवेदन तयार पारेको हो । उपसमितिको प्रतिवेदनमा 'अध्यक्ष तथा सदस्यको पदावधि नियुक्ति भएको मितिले दुई वर्षको' भन्ने शब्दहरूको सट्टा चार वर्षको भन्ने शब्दहरू राख्ने तर आयोगले कार्यावधि समाप्त हुनुअगावै शान्ति प्रक्रियाको काम सम्पन्न भएको घोषणा गरे सोही मितिदेखि अध्यक्ष तथा सदस्यको पदावधि समाप्त भएको मानिनेछ' भन्ने उल्लेख छ । (**बाँकी पृष्ठ ३ मा**)

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहाल संक्रमणकालीन न्याय टुंगोमा लान निकै खटे । अमेरिका भ्रमणमा निस्कनुअघि होस् या बुधबारसम्मै, दाहालको दौडधुप चर्को थियो । 'प्रधानमन्त्री भएदेखि नै मैले राजनीनिक दलहरूबीच सहमति बनाउने प्रयास गर्दै आएको छु । हिजो प्रतिपक्ष दलका नेता (केपी शर्मा ओली)सँग भएको कुरा पनि नयाँ प्रयासको कडी हो । विस्तारै समझदारी बन्दै जान्छ भन्ने म देख्छु,' कांग्रेसले गत शनिबार आयोजना गरेको चियापान कार्यक्रममा सहभागी हुन सानेपा पुगेका दाहालले भनेका थिए ।

शुक्रबारमात्र ओलीलाई बालुवाटार डाकेर दाहालले यस विषयमा गहन छलफल गरेको बताइएको थियो । दाहालले यस विषयलाई टुंगोमा पुर्‍याउन के मात्र गरेनन् ? संसदीय समितिमा विधेयकलाई फास्ट ट्र्याकमा छलफल चलाए । संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसकोसमेत साथ खोजे । चौतर्फी माहोल सिर्जना गर्ने कोसिस गरे ।

प्रधानमन्त्री दाहालले सदनमा पेस भएको विधेयक सक्दो चाँडो टुंग्याउन संसदीय समितिमा छलफल तीव्र पारे । संक्रमणकालीन न्यायसम्बन्धी 'बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक २०७९' (टिआरसी विधेयक) प्रतिनिधिसभामा २०७९ चैत ५ गते पेस भएको थियो । प्रधानमन्त्रीको तर्फबाट सूचना तथा सञ्चारमन्त्री रेखा शर्माले विधेयक पेस गरेकी थिइन् । २०७९ फागुन २५ गते उक्त विधेयक 'फास्ट ट्र्याक'मा टुंगो लगाउनेगरी संसद्को कानुन, न्याय तथा मानवअधिकार समितिमा उपसमिति नै बनाएर दफावार छलफल चलाइयो ।

उपसमितिले असोज २३ गते चारवटा विषय थाती नै राखेर प्रतिवेदन बुझायो । मानवअधिकारको गम्भीर उल्लंघनको परिभाषामा स्वेच्छाचारी रूपमा क्रुरतापूर्वक (आर्बिट्रेरी) गरिएको हत्या लेख्ने कि दोहोरो भिडन्तबाहेक गरिएको हत्या भनी लेख्ने भन्ने विषयमा उपसमिति अनिर्णित रह्यो । यी दुईमध्ये कुन समावेश गर्ने भन्ने टुंग्याउन उपसमितिले मूल समितिलाई सुझाएको थियो ।

सशस्त्र द्वन्द्वका क्रममा जोडिएका र प्रभावित भएका व्यक्तिहरूलाई कसरी सम्बोधन गर्ने ? मानवअधिकारको उल्लंघनका घटनामा मेलमिलापका लागि पीडितको स्वतन्त्र सहमति नभएमा के गर्ने ? घटी सजायका सम्बन्धमा आधार कारण खुलाएर सजाय कम गर्न सकिने व्यवस्था गर्ने वा प्रतिशत तोकेर जाने भन्ने विषयमा पनि स्पष्ट गर्न उपसमितिले मूल समितिलाई भनेको थियो ।

'चारवटा विषयमा समिति स्पष्ट भएर जानुपर्छ भन्ने उपसमितिको सर्वसम्मत मत छ,' उपसमितिको प्रतिवेदन पेस गर्दै कांग्रेस सांसद रमेश लेखकले भनेका थिए, 'यसका लागि कति समय चाहिन्छ लिऔं, तर यो गम्भीर विषयलाई ढिलो नगरी टुंगो लगाऔं ।'

असोज २७ गते संयुक्त राष्ट्रसंघका महासचिव गुटेरेसले संयुक्त सदनलाई सम्बोधन गर्ने पक्का भएपछि उपसमितिले हतारहतार समितिलाई प्रतिवेदन बुझाएको थियो । तर, गुटेरेसको भ्रमण झण्डै आधा महिना पछाडि धकेलियो । आइतबार नेपाल आइपुगेका गुटेरेसले शान्ति प्रक्रिया पूरा गर्नुपर्नेमा जोड दिएका छन् । उनी बुधबार संयुक्त राष्ट्रसंघ फर्किए । प्रधानमन्त्री दाहालले यसका लागि प्रमुख प्रतिपक्षी दलका नेता ओली र सरकारको प्रमुख हिस्सेदार नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवासँग पनि पटक-पटक भेटे । बुधबार बिहान पनि दाहालले देउवा र ओलीसँग यस विषयमा बालुवाटारमा कुराकानी गरे ।

(**बाँकी पृष्ठ ३ मा**)

**सन्दर्भ : वैदेशिक रोजगार**


ओमानको भिसा नीतिमा परिवर्तन

## भिजिट भिसा 'वर्किङ भिसा'मा परिवर्तन नहुने

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** ओमानले विदेशी नागरिकलाई दिने भिसा नीतिमा परिवर्तन गरेको छ । अब रोजगारीको उद्देश्य राखेर भिजिट भिसामा ओमान गएर 'वर्किङ भिसा'मा रूपान्तरण गर्न पाइने छैन ।

ओमान सरकारले अक्टोबर ३१ देखि भिजिट तथा टुरिस्ट भिसामा गएका विदेशीहरूलाई काम गर्ने भिसा नदिने निर्णय गरेको मस्कटस्थित नेपाली दूतावासले उल्लेख गरेको छ । यसअघि ओमानमा विभिन्न मुलुकबाट भिजिट तथा टुरिस्ट भिसामा जाने र त्यहाँ पुगेपछि वर्किङ भिसामा परिवर्तन गरी काम गर्न सक्ने व्यवस्था थियो । दूतावासले बुधबार एक सूचना जारी गर्दै अक्टोबर ३१ देखि पर्यटन भिसा वा भिजिट भिसामा ओमान आइसकेपछि उक्त भिसालाई काम गर्न पाउने भिसामा परिवर्तन नहुने भन्दै सम्बन्धित सबैलाई जानकारी दिएको छ ।



भिजिट तथा टुरिस्ट भिसामा आएर काम गर्ने भिसा लिन नपाउने नियम लागू भएका कारण कसैले रोजगारी दिलाइदिन्छु भन्दै गलत आश्वासन दिएर भिजिट भिसामा पठाउन खोज्छ भने समयमै सचेत हुन पनि दूतावासले आग्रह गरेको छ । पछिल्लो समय थुप्रै नेपालीहरू भिजिट भिसामा ओमान जाने र वर्किङ भिसामा परिवर्तन गरी काम गर्ने गरेकाले दूतावासले नयाँ नीतिबारे जानकारी गराएको हो ।

ओमानले भिसा नीतिमा गरेको परिवर्तनका कारण रोजगारीको अवसर खोज्दै भिजिट तथा टुरिस्ट भिसामा जाने विदेशीहरू प्रभावित हुने देखिएको छ । त्यस्तै बंगलादेशी नागरिकहरूलाई अर्को निर्णय नभएसम्म सबै प्रकारको नयाँ भिसा दिन रोक लगाइएको छ । विशेषगरी बंगलादेशी नागरिकलाई लक्षित गरी भिसा नीतिमा परिवर्तन गरेको बुझिएको छ ।

## थप ६३ नेपालीले पाए 'एक्जिट भिसा'

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीका लागि साउदी अरेबिया पुगेर विभिन्न समस्या झेलिरहेका थप ६३ जना नेपाली श्रमिकले 'एक्जिट (बहिर्गमन) भिसा' पाएका छन् । साउदीस्थित नेपाली राजदूतावासको समन्वयमा त्यहाँको अध्यागमन कार्यालयले हुरुब (कम्पनी छोडेर भागेका) लागेका र इकामा (बस्ने अनुमति) सकिएका वा नपाएका उनीहरूलाई एक्जिट भिसा दिएको हो ।

गैरकानुनीरूपमा रहेका आप्रवासी कामदारलाई स्वदेश फर्कन दिने नीति अनुरूप साउदी अध्यागमनले विदेशी श्रमिकलाई एक्जिट भिसा दिइरहेको छ । यसै क्रममा झण्डै २५ सय जति नेपालीले विभिन्न मितिमा एक्जिट भिसा पाइसकेको दूतावासले जनाएको छ । यही अक्टोबर महिनामा मात्रै २४७ जनाले एक्जिट भिसा पाएको दूतावासले उल्लेख गरेको छ ।

एक्जिट भिसा प्राप्त गरेका नेपालीहरूलाई यथाशीघ्र साउदी छोड्न जानकारी दिँदै समयमै भिसाको म्याद हेर्न पनि दूतावासले आग्रह गरेको छ । एक्जिट भिसा प्रोसेसिङ निःशुल्क हुने र यसबापत कुनै पनि निकायमा कुनै शुल्क बुझाउनु नपर्ने दूतावासले जनाएको छ ।

## विभागको अनलाइन प्रणालीको समस्या हट्यो




**काठमाडौं (प्रस)–** वैदेशिक रोजगार विभागले वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेइम्स)मा आएको समस्या हटेको जानकारी दिएको छ । यससँगै साविककै व्यवस्थाअनुसार श्रम स्वीकृतिको काम हुने बताएको छ । फेइम्स प्रणालीमा बायोमेट्रिक डेस्कटप एप्लिकेसनबाट हुने गरेको श्रमिकको ओरिएन्टेसन र बायोमेट्रिकको कनेक्सनमा प्राविधिक समस्या उत्पन्न भई नयाँ तथा पुनः श्रम स्वीकृति दिन समस्या उत्पन्न भएको थियो ।

अब उक्त समस्या समाधान भएका कारण वैदेशिक रोजगारीमा जाने श्रमिकहरूका लागि अनलाइनमार्फत हुने कार्य साविकअनुसार नै हुने विभागका शाखा अधिकृत भीमबहादुर शाहीले जानकारी दिए । 'यसअघि बायोमेट्रिक डेस्क एप्लिकेसनबाट हुने गरेको श्रमिकको बायोमेट्रिक सेक्सनलाई स्किप गर्ने र विभागमा दर्ता भएका अभिमुखीकरण संस्थाहरूबाट जारी गरेको दुई दिने अभिमुखीकरण तालिम लिएको प्रमाणपत्र फेइम्स प्रणालीमा अपलोड गर्ने व्यवस्था मिलाइएको थियो,' उनले भने, 'प्राविधिक टिमको सक्रियताले सिस्टममा देखिएको समस्या हल गर्न सफल भएका छौं ।'

फेइम्स प्रणालीमा आएको समस्या हल भइसकेको भन्दै विभागले श्रम स्वीकृतिसम्बन्धी प्रक्रिया साविककै व्यवस्थाबमोजिम पूर्णरूपमा अनलाइनमार्फत गर्न/गराउन सरोकारवाला सबैलाई आग्रह गरेको छ । साथै, पुरानो डेस्कटप एप्लिकेसनले काम नगर्ने हुँदा विभागको वेबसाइटबाट नयाँ भर्सन डाउनलोड गरी 'सेटअप' गर्न पनि अनुरोध गरिएको छ । वैदेशिक रोजगारीमा जाने श्रमिकले अनिवार्य रूपमा अभिमुखीकरण तालिम लिनुपर्ने र तालिमसँगै बायोमेट्रिक गर्नुपर्ने व्यवस्था गरिएको छ ।




## पञ्चायतहुँदै गणतन्त्रसम्म ...

पष्ठ १ बाट जारी

तीन दिनपछि बुधबार नेकपा एमालेले कांग्रेसले जसरी चियापान आयोजना गऱ्यो । जहिल्यै एकअर्काको उछितो काढ्ने नेताहरू चियापानमा एउटै राउण्ड टेबलको वरिपरि बसे । चिया खाँदै मस्त गफिए ।

फोटो पत्रकार प्रदीपराज वन्तले सार्वजनिक गरेको एउटा तस्बिरमा प्रधानमन्त्री पुष्पकमल दाहाल, सभामुख देवराज घिमिरे, रास्वपा सभापति रवि लामिछाने, नेकपा महासचिव नेत्रविक्रम चन्द, कांग्रेस सभापति शेरबहादुर देउवा, एमाले अध्यक्ष केपी शर्मा ओली, नेकपा एसका सम्मानित नेता झलनाथ खनालसहितका नेताहरू लस्करै बसेका देखिन्छन् । जहाँ प्रधानमन्त्री दाहाल र सभामुख घिमिरे त हंशमुक देखिए ।

नेताहरूबीच चियापानमा पूरै हार्दिकता र सौहार्द्रता देखियो । उनीहरूले चियापानमा राजनीतिक रूपमा घोचपेच गरेनन् । बरु मज्जाले भलाकुसारी गरे । शुभकामना साटासाट गरे ।

एमाले महासचिव शंकर पोखरेल चियापानले दलहरूबीच सहकार्यको वातावरण बनाउन मद्दत पुग्ने गरेको बताउँछन् । त्यही भएर एमालेले हरेक वर्ष दसैंपछि चियापान आयोजना गर्दै आएको उनले बताए ।

'तीन दशकअघिदेखि एमालेले चियापान आयोजना गर्दै आएको छ । यसको एउटै उद्देश्य दलहरूका नेताहरूबीच हार्दिकता विकास गर्ने र सौहार्द्रता स्थापित गर्ने हो । यसो हुँदा दलहरूबीच जनताको मुद्दामा सहकार्य गर्न सहज हुन्छ,' उनले भने ।

एमालेले चियापान गर्न थालेको प्रजातन्त्रको पुनर्वहाली भएपछि हो । जतिबेला एमाले अध्यक्ष मनमोहन अधिकारी र महासचिव मदन भण्डारी थिए । उनीहरूले २०४८ सालमा पहिलोपटक एमालेको तर्फबाट चियापान आयोजना गरेका थिए । त्यसपछि एमालेले चियापानलाई निरन्तरता दिँदै आएको छ । यस्तो चियापानमा विशुद्ध गैरराजनीतिक गफगाफमा नेताहरू रमाउँछन् । बुधबार पनि यस्तै भयो ।

चियापानको सुरुमै उपस्थित सबैलाई धन्यवाद दिँदै एमाले अध्यक्ष ओलीले भने, 'तर, थप राजनीतिक विषयमा कुरा गर्न चाहन्नँ । यो राजनीतिक कुरा गर्ने ठाउँ होइन ।'

दलीय नेतृत्वहरूबीच सम्बन्ध थप सुदृढ पार्न औचित्यपूर्ण देखिने चियापान नयाँ दल राष्ट्रिय स्वतन्त्र पार्टीले गएको ७ असारमा आयोजना गरेको थियो । त्यहाँ प्रधानमन्त्री दाहाल, कांग्रेस सभापति देउवा, एमाले अध्यक्ष ओलीसहित अन्य दलका नेताहरू सहभागी थिए । आपसी हाँसिमजाक गरेका थिए ।

त्यसअघि राष्ट्रिय प्रजातन्त्र पार्टीले २७ पुसमा चियापान आयोजना गरेको थियो । पृथ्वीनारायण शाहको जन्मजयन्तीको अवसरमा राप्रपाले चियापान आयोजना गर्दै आएको छ । उक्त दलका प्रवक्ता सगुनसुन्दर लावतीका अनुसार यस वर्ष पनि चियापान आयोजना गरिने छ । राप्रपाको चियापानमा पनि प्रधानमन्त्रीदेखि सबै दलका नेता भेला हुने गरेका छन् । कमल थापा पार्टी अध्यक्ष हुँदा २७ पुस २०६५ मा पहिलोपटक राप्रपाले चियापान आयोजना गरेको थियो । त्यसलाई हालसम्म निरन्तरता दिइँदै आएको छ ।

जबकि, अन्य दिन भने नेताहरू एकअर्काबीच हिलो छ्यापाछ्याप गर्छन् । आरोपैआरोपको वर्षा गर्छन् । यतिसम्मकी कहिलेकाहीँ त तल्लोस्तरमा झरेर गालीसमेत गर्छन् । त्यस्तो अवस्थाले भेट हुँदा पनि कोही नेताबीच त सम्वादहीनता स्थिति हुने गरेको छ । तर, पञ्चायतकालमा बिपीले थालनी गरेको चियापान वर्षौंदेखि नेताहरूको सम्बन्ध सुधार र मेलमिलापको कडी बन्दै आएको देखिन्छ ।

**श्री जलन्धरा सामुदायिक वन उपभोक्ता समूह**
राप्तीसोनारी-८,९, नयाँगाउँ-बाँके

**दाउरा लिलाम बिक्री सम्बन्धी सुचना**

(सुचना प्रथम पटक प्रकाशित मिति २०८०/०७/१६ गते)

यस सामुदायिक वन उपभोक्ता समूहले व्यवस्थापन गरेको वन क्षेत्रका समूहको स्विकृत वन व्यवस्थापन योजना अनुसार समूहको वन क्षेत्रमा झाडी सफाईको लागि डि.व.का. बाँकेको च.नं.९१ मिति २०८०/०६/१४ को वन पैदावार संकलन सहमती बमोजिम उत्पादित काठ, दाउरा समूहमा आन्तरिक खपत भई बाँकी रहेको दाउरा डि.व.का. बाँकेको च.नं. ११३३ मिति २०८०/०७/१४ को बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दिमा रहेका विभिन्न जातका दाउरा जम्मा उत्पादित १६.५० चट्टा, आन्तरिक खपत २.५० र लिलाम सहमति भएको १४.०० चट्टा दाउरा हाल जे-जस्तो अवस्थामा छ । सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले सूचिकृत भएका काठ व्यवसायीहरुले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले ७ औं दिनभित्र खरिद गरी ८ औं दिनको कार्यालय समयसम्म सिलबन्दी बोलपत्र दाखिला गर्नुहुन आव्हान गरिन्छ । विस्तृत सूचना यस समूहको सूचना पाटीमा टाँस गरेको व्यहोरा सम्बन्धीत सबैलाई सूचित गरिन्छ ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : karak al- shayeb buffet for serving meals
पूर्व स्वीकृति मिति: २०८०/०७/१५ LT. No.294517 चलानी नं. ६०२०९५९९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 1 | 0 | 1000 | ३५५१८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० कार्तिक २३ गते (9th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Ishan Overseas Pvt. Ltd.** श्रम ईजाजत नं. ५३२/२०६१/०६२
Samakhusi , Kathmandu, Nepal, Tel: 01-4380272 / 4380273 Fax : +977-1-5547945, E-mail : maniishannepal@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ROYA FACTORY FOR FOOD PRODUCT COMPANY
पुर्व स्वीकृति मिति : २०८०/०७/१५ LT. No.294504 चलानी नं. ६०२०९६२३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Production crew | 1 | 0 | 4583 | १६२७९३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० कार्तिक २३ गते (9th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रू. १,५००/- कामदार आफैंले सेवा शुल्क: निशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SHADA EMPLOYMENT SERVICES PVT.LTD.**
SES SHADA EMPLOYMENT SERVICES
Bhattishputali-09 Gausala opposite to Dwarika Hotel Kathmandu Nepal
Phone: +977014565453, Fax No.: +977014465461
श्रम ईजाजत नं. १३८७/०७४/०७५ Email: info@shadaes.com.np/sesjobs4@gmail.com, website: shadaes.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Riyadh al-dana trading and contracting company
पूर्व स्वीकृति मिति २०७८/१२/११ पून स्वीकृति मिति २०८०/०७/१५ LT. No. 259953 चलानी नं. ६०१७५३३५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | MELISSA | 2 | 0 | 1200 | ४२६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : Diet Foundation for providing meals
पूर्व स्वीकृति मिति २०८०/०७/१५ LT. No. 294389 चलानी नं. ६०२०९५९२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 2 | 0 | 1000 | ३५,५१७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : National Capabilities Company for Commercial Services
पूर्व स्वीकृति मिति २०८०/०७/१५ LT. No. 294388 चलानी नं.६०२०९५९१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 5 | 0 | 1500 | ५३,२७५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : My umbrella café serves drinks
पूर्व स्वीकृति मिति २०८०/०७/१५ LT. 294387 चलानी नं.६०२०९५९०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 1 | 0 | 1500 | ५३,२७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : Hayat Al Mumayzaat Catering Services Company is a one person company
पूर्व स्वीकृति मिति २०८०/०७/१५ LT. 294386 चलानी नं.६०२०९५८८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 3 | 0 | 1000 | ३५,५१७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० कार्तिक २३ गते (9th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कस ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.** श्रम ईजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4479491/4479492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com


## सूचनाको हक सम्बन्धि ऐन २०६४ को दफा ५ उपदफा (३) बमोजिम विवरण देहाय बमोजिम रहेको छ

| | | |
|---|---|---|
| क | निकायको स्वरुप र प्रकृती: | कम्पनी ऐन २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बमोजिम संचालित वित्तीय संस्था । |
| ख | निकायको काम, कर्तव्य र अधिकार: | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ मा व्यवस्था भए वमोजिम काम, कर्तव्य र अधिकार रहेको छ । |
| ग | निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण: | वित्तीय संस्थामा १६६ जना कर्मचारी कार्यरत रहेका छन् र संस्थाले तोकेको कार्य विभिन्न पदमा कार्यरत कर्मचारीहरु मार्फत भईरहेको छ । व्यवस्थापन समुहको नाम र पद www.reliancenepal.com.np मा हेर्न सकिन्छ |
| घ | निकायबाट प्रदान गरिने सेवा: | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ मा व्यवस्था भए वमोजिम राष्ट्रीय स्तरको 'ग' वर्गका वित्तीय संस्थाले दिनसक्ने सम्पुर्ण बैंकिङ्ग सेवाहरु २०६६ साल देखी दिईदै आएको छ । |
| ङ | सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी: | सेवा प्रदानगर्ने निकायको शाखा र जिम्मेवार अधिकारीको विवरण www.reliancenepal.com.np मा उपलब्ध छ । |
| च | सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधी: | वित्तीय संस्थाले सेवा प्रदान गर्दा लिने शुल्क तथा दस्तुरको विवरण www.reliancenepal.com.np मा उपलब्ध छ । |
| छ | निर्णय गर्ने प्रक्रिया र अधिकारी: | वित्तीय कारोवारका सम्बन्धमा विभिन्न प्रकारका विभिन्न तहका अधिकारीहरुले यस संस्थाको कर्जा नीति निर्देशिकाको अधिनमा रही निर्णय गर्ने गरेको छ । प्रमुख कार्यकारी अधिकृत तथा वित्तीय संस्थाको संचालक समिती अन्तिम निर्णयकर्ताको रुपमा रहेको छ । |
| ज | निर्णय उपर गुनासो सुन्ने अधिकारी: | ग्राहकहरुको गुनासो तथा उजुरी गर्नेको लागी हाल केन्द्रीय स्तरमा रामहरी आचार्यलाई गुनासो सुन्ने अधिकारीको रुपमा रहने व्यवस्था गरीएको छ ।<br>गुनासो सुन्ने अधिकारी: रामहरी आचार्य – उप प्रमुख कार्यकारी अधिकृत<br>फोन नं.: ९८५११७८८३३, ०१-५३२०६९८ साथै कुनै गुनासो भएमा सिधै ramhari.acharya@reliancenepal.com.np मार्फत् गुनासो राख्न सकिने व्यवस्था गीरएको छ । |
| झ | सम्पादन गरेको कामको विवरण: | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ मा व्यवस्था भए वमोजिम राष्ट्रीय स्तरको 'ग' वर्गका वित्तीय संस्थाले गर्नसक्ने सम्पुर्ण बैंकिङ्ग तथा वित्तीय कारोवारहरु नेपाल राष्ट्र बैंकको एकिकृत निर्देशनको अधिनमा रही सम्पादन भईरहेको छ । |
| ञ | सुचना अधिकारीको नाम र पद: | ग्राहकहरुलाई आवश्यक सुचना प्रदान गर्न निम्न अधिकारीलाई तोकीएको छ ।<br>सुचना अधिकारी: रामहरी आचार्य<br>पद: उप प्रमुख कार्यकारी अधिकृत<br>फोन नं.: ०१-५३६११०४, ५३२३११७, ५३६१०४१, ५३६११६७<br>इमेल: ramhari.acharya@reliancenepal.com.np |
| ट | ऐन, नियम, विनियम वा निर्देशकको सुची: | प्रचलित सम्पुर्ण ऐन, नियम, विनियम र निर्देशिकाहरु वित्तीय संस्थाले पालना गर्नुपर्ने हुन्छ भने देहाय बमोजीमका ऐन, नियम, विनियम र निर्देशिकाहरु बैंकिङ्ग कार्यका लागी प्रमुख रुपमा रहेका छन् ।<br>१. नेपाल राष्ट्र बैंक ऐन २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३ ।<br>२. बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ ।<br>३. कम्पनी ऐन, २०६३ बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४ ।<br>४. सम्पती शुद्धिकरण (मनि लाउन्डरिङ) निवारण ऐन, २०६४ ।<br>५. धितोपत्र सम्बन्धी ऐन, २०६३, सुरक्षित कारोवार ऐन, २०६३ ।<br>६. विनियम अधिकार पत्र ऐन, २०३४ ।<br>७. विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९, आयकर ऐन, २०५८ ।<br>८. उपरोक्त ऐनहरु बमोजिमका सम्पुर्ण नियम तथा विनियमहरु ।<br>९. नेपाल राष्ट्र बैंकद्वारा जारी गरिएको एकिकृत निर्देशिकाहरु । |
| ठ | आम्दानी खर्च तथा आर्थिक कारोवारहरु सम्बन्धि अद्यावधिक विवरण: | बैंकको आम्दानी, खर्च तथा आर्थिक कारोवारहरु सम्बन्धी त्रैमासिक अद्यावधिक विवरणहरु राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशित हुदै आएको छ भने वित्तीय संस्थाको वेवसाईट www.reliancenepal.com.np मा समेत रहेको छ । |
| ड | बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना: | बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना यस प्रकार रहेको छ ।<br>श्री समाज प्रकाश श्रेष्ठ<br>प्रमुख कार्यकारी अधिकृत<br>रिलायन्स फाइनान्स लिमिटेड<br>रिलायन्स भवन, कमलादी, काठमाडौं, फोन नं.: ०१-५३६११०४, ५३२३११७, ५३६१०४१, ५३६११६७<br>इमेल: info@reliancenepal.com.np |


**RELIANCE FINANCE LIMITED**
**रिलायन्स फाइनान्स लिमिटेड**
नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजत प्राप्त राष्ट्रिय स्तरको संस्था

केन्द्रिय कार्यालय
रिलायन्स भवन, कमलादी, काठमाडौं ।
फोन नं.: ०१-५३६११०४, ५३२३११७, ५३६१०४१, ५३६११६७
Email: info@reliancenepal.com.np
Web: www.reliancenepal.com.np

शाखा कार्यालयहरु:
• न्यूरोड, काठमाडौं: ०१ ५३४५१०४/१०५ • सितापाइला, काठमाडौं: ०१ ५२३३३९७ • इमाडोल, ललितपुर: ०१ ५२०१७०४
• बनेपा, काभ्रे: ०११ ६६३२४४ • शहिद चोक, नारायणगढ: ०५६ ५९६५९८ • टाडी, चितवन: ०५६ ५९३२६९ • महेन्द्रपुल, पोखरा: ०६१ ५८०९८३
• बेशीसहर, लम्जुङ्ग: ०६६ ५२०८१५/८१६ • बैंकरोड, गोरखा: ०६४ ४२०२७८ • आरुघाट, गोरखा: ०६४ ४१०१७२/१७३
• वुटवल, रुपन्देही: ०७१ ५९०१७४ • मनिग्राम, रुपन्देही: ०७१ ५६२९०२ • भैरहवा, रुपन्देही: ०७१ ५९०९०१/९०२ • कोहलपुर बाके: ०८१ ५४२१५४/१७४
• महेन्द्रनगर, कञ्चनपुर: ०९९ ५२०४४० • अत्तरिया, कैलाली: ०९१ ५५००३३/०८४ • धनगढी, कैलाली: ०९१ ५२३४६२
• चाराली, झापा: ०२३ ४६०१०२ • दमक, झापा: ०२३ ५७२६०२/६०३ • विर्तामोड, झापा: ०२३ ५३०७४३/७४७ • धुलावारी, झापा: ०२३ ५६४३९१/३९२

वित्तीय सेवाको अर्को परिभाषा

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : YP PACKAGING SDN. BHD.
पूर्व स्वीकृति मिति: २०७९/०६/१५ पुन विज्ञापन स्वीकृति मिति २०८०/०७/१५ LT. No. 272751 चलानी नं. ६०१८८९४७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 3 | 0 | 1500 | ४१,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० कार्तिक २३ गते (9th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Nepal Recruitment Consultancy Pvt. Ltd.** श्रम ईजाजत नं. १००४/०६८/०६९
Sambhu Marg-Airport, Kathmandu, Nepal, Tel.: +977-1-4585649/ 4585648/ 4585647

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HAYA MUBARAK AL SHIBAN TRADING EST.
पूर्व स्वीकृति मिति: २०८०/०७/१५ LT. No. 294377 चलानी नं. ६०२०९५९८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 3 | 0 | 1000 | ३५,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० कार्तिक २४ गते (10th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Overseas Employment (P.) Ltd.** श्रम ईजाजत नं. १२०८/०७३/०७४
Bhimsengola, Baneshwor-34, Kathmandu, Nepal Tel:+977-1-4110069
E-mail: overseas4employment@gmail.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ARABIAN GULF CLEANING LLC
पूर्व स्वीकृति मिति २०८०/०७/१५ LT. No. 294452 चलानी नं. ६०२०९५८३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 15 | 12 | 1200 | ४३,५०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० कार्तिक २३ गते (9th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**NOVA INTERNATIONAL PVT. LTD.** श्रम ईजाजत नं. १०१९/०६८/०६९
Surya Bikram Gyabali Marg Gaushala-09, Kathmandu, Nepal. Tel:- +977-1-014573271, 4573602
Email: info@novainternational.com.np, URL: www.novainternational.com.np


## कालिका नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
रेडक्रसग्राम, चितवन
वागमती प्रदेश, नेपाल

### खरिद संम्झौता अन्त्य गर्ने संवन्धमा

प्रथम पटक प्रकाशित मिति : २०८०।०७।१६

तपसिलमा उल्लेखित तपाई निर्माण व्यवसायीले तपसिलमा उल्लेखित ठेक्काको खरिद संम्झौतामा उल्लेख भए अनुसार तोकिएको अवधिमा सम्पन्न गर्नु पर्ने काम सम्पन्न नगरेको, निर्माण स्थल जिम्मा नलिई अलपत्र छोडेको, कार्यालय तथा प्राविधिकवाट पटक पटक ताकेता गर्दा पनि सम्पर्कमा नआई, निर्माण स्थल जिम्मा नलिई काम शुरु नगरी तपाई र यस नगरपालिका विच भएको खरिद संम्झौताको गम्भिर उलंघन गरेकाले तपाईसंगको खरिद संम्झौताको अन्त्य गरी बैंक जमानत जफत गर्ने र सार्वजनिक खरिद ऐन २०६३ बमोजिम कालो सुचिमा सुचिकृतको लागि लेखि पठाउनेसम्मको कारवाही प्रकिया शुरु भएकोले कारवाही नगर्नु पर्ने कुनै औचित्य पूर्ण कारण र आधार भएमा सोको लिखित जानकारी सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यलयमा सम्पर्क राख्न आउनु हुन सूचित गरिन्छ । अन्यथा नियमानुसार भैजाने व्यहोरा समेत जानकारी गराइन्छ ।

| सि.नं. | ठेक्का नं. | योजनाको नाम | निमाण व्यवसायीको नाम | अन्तिम म्याद |
|---|---|---|---|---|
| १ | 034/WORKS/NCB/ KM/077/078 | गडुवा चोक देखि त्रिवेणी चोक नव मिलिजुली डेरी वि पि चोक देखि उत्तर वाटो मर्मत | प्रशंसा कन्स्ट्रक्शन भरतपुर १२ चितवन | २०७९ चैत्र मसान्त |

प्रमुख प्रशासकीय अधिकृत

## खेर गयो ...

पष्ठ १ बाट जारी

गुटेरेस आउँदा नै टिआरसी विधेयक प्रतिनिधिसभामा पेस गर्न सकिए अन्तर्राष्ट्रियस्तरमासमेत एक प्रकारको राम्रो सन्देश जाने प्रमुख दलका नेताहरूको दाबी थियो ।

### दाहालको आशा जीवितै

बुधबार बिहान बालुवाटारमा भएको छलफलमा विधेयकमा देखिएका केही असहमतिको टुंगो लगाउने विषयमा कुराकानी भएको र आफूहरूबीच एउटा समझदारी बनेको प्रधानमन्त्री दाहालले बताए । एमालेले च्यासलमा आयोजना गरेको चियापान कार्यक्रममा फर्कंदै गर्दा दाहालले संक्रमणकालीन न्यायसम्बन्धी कानुन छिट्टै समझदारीमा टुंगिने दाबीसमेत गरे ।

'सर्वोच्च अदालतको फैसला, अन्तर्राष्ट्रिय मापदण्ड र पीडित केन्द्रित बनाएरै कानुनको मस्यौदा तयार गरेका छौं । संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले पनि पूरै समर्थन रहने बताउनुभएको छ,' दाहालले भने, 'आज बिहानमात्रै हामी नेपाली कांग्रेसका सभापति, एमाले अध्यक्ष र म बसेका थियौं, एउटा समझदारी बनेको छ ।'

उनले संयुक्त राष्ट्रसंघका महासचिवसँगको भेटमा नेपालको शान्ति प्रक्रियाबारे दलका नेताहरूको छुट्टाछुट्टै धारणा आउनु दूर्भाग्यपूर्ण भएको र त्यही विषयमा समझदारी खोज्न आफूले बिहान छलफलको आयोजना गरेको बताए । गत आइतबार गुटेरेससँगको भेटमा एमाले अध्यक्ष ओलीले दाहालकै कारण शान्ति प्रक्रिया निष्कर्षमा पुग्न नसकेको बताएका थिए ।

उनले भने सहमतिका साथ शान्ति प्रक्रिया टुंगो लगाउनुपर्ने बताएका छन् । 'सहमतिका साथ शान्ति प्रक्रिया टुंगो लगाउनुपर्छ,' बुधबार च्यासलमा आयोजित चियापान कार्यक्रममा अध्यक्ष ओलीले भने, 'सर्वोच्च अदालतलगायतका आदेश मानेर तथा पीडितलाई न्याय दिनेगरी शान्ति प्रक्रिया टुंग्याउनुपर्छ ।'

### टर्‍यो यसपटकलाई

तर, प्रधानमन्त्री दाहालको यसपटकको प्रयास पनि खेर जाने देखिन्छ । टिआरसी विधेयक संसद्को चालु अधिवेशनमा पास नहुने भएको छ । बिहीबार संघीय संसद्को चालु अधिवेशन अन्त्य गर्ने तयारी भएसँगै टिआरसी विधेयक पास हुने सम्भावना टरेको हो । बिहीबारको बैठकमा शीर्ष नेताले सम्बोधन गरेर अधिवेशन अन्त्य गर्ने बारेमा कार्यव्यवस्था परामर्श समितिको बैठकमा छलफल भएको छ ।

'टिआरसी र सम्पत्ति शुद्धीकरणसम्बन्धी विधेयक पास गरेरमात्रै अधिवेशन अन्त्य गर्ने सरकारको चाहना हो,' माओवादी केन्द्रका मुख्य सचेतक हितराज पाण्डे भन्छन्, 'तर, टिआरसी संसदीय समितिमै छ ।' सरकारले यसै अधिवेशनमार्फत सम्पत्ति शुद्धीकरणसम्बन्धी विधेयक पनि पास गर्ने तयारी गरेको थियो । तर, यो विधेयक पनि बाँकी नै राखेर चालु अधिवेशन अन्त्य गर्न लागेको हो ।

सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक प्रतिनिधिसभाको कानुन, न्याय तथा मानवअधिकार समितिबाट पारित भएर प्रतिनिधिसभामा पेस भइसकेको छ ।

## चार वर्ष...

पष्ठ १ बाट जारी

प्रतिवेदनमा फेरि उजुरी संकलनका लागि तीन महिनाको समय दिन प्रस्ताव गरिएको छ । 'अध्यक्ष तथा सदस्यको नियुक्तिपछि आयोगले सशस्त्र द्वन्द्वका क्रममा जबर्जस्ती करणी वा गम्भीर यौनजन्य हिंसामा परेका पीडित वा निजको तर्फबाट उजुरी दिन छुट भएको भए आयोगमा उजुरी दिन एक पटकका लागि तीन महिनाको म्याद दिई सार्वजनिक सूचना प्रकाशन गरी उजुरी माग गर्नेछ,' प्रतिवेदनमा भनिएको छ ।

आयोगले परिपूरणका लागि गरेको सिफारिस चित्त नबुझेमा पीडितले आधार र कारण खोली विशेष अदालतमा निवेदन दिन सक्ने व्यवस्था गर्न पनि प्रस्ताव गरिएको छ ।

त्यसैगरी पुनरावेदन सुन्ने प्रयोजनका लागि सर्वोच्च अदालतमा संक्रमणकालीन न्यायसम्बन्धी संयुक्त इजलास रहने र त्यसका लागि प्रधानन्यायाधीशले न्यायाधीशहरूको सूची तयार गरी इजलास तोक्ने व्यवस्था गर्न प्रस्ताव गरिएको छ । उपसमितिले चार विषयमा सहमति नजुटाई प्रतिवेदन बुझाएको हो । अन्त्यमा उपसमितिले शीर्ष नेताको सहमतिमा टुंगिनुपर्ने रायसमेत दिएको छ । कांग्रेस सभापति शेरबहादुर देउवा र एमाले अध्यक्ष केपी शर्मा ओलीले प्रधानमन्त्री पुष्पकमल दाहालको नेतृत्वमा टिआरसी विधेयक टुंग्याउन नचाहेका कारण अहिले यसलाई थाती राखिएको बताइन्छ ।


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : DICKSON JEWELLERY AND GOLDSMITH SND BHD

पूर्व स्वीकृति मिति २०७९/०६/२३ | LT. No. 272663 | चलानी नं. ६०१८८७६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 0 | 15 | 1500 | ४१,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | | छ | २ वर्ष |

कम्पनी : MIZUDEN (M) SDN.BHD.

पूर्व स्वीकृति मिति २०८०/०५/०६ | LT. No. 291432 | चलानी नं. ६०२०६६५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 50 | 0 | 1500 | ४१,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० कार्तिक २३ गते (9th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 300/059/60

**TRANS WORLD Manpower CO.(P) Ltd.**

3rd Floor, Josi Complex/ Opp. Padmodaya High School/ Exhibition Road, Kathmandu
Tel: 00977-1-4219272, 4219282, 2042104/ Fax: 00977-1-4219236
Email: twmanpower@wlink.com.np



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : CHOO BEE METAL INDUSTRIES BERHAD

पूर्व स्वीकृति मिति २०८०/०३/१२ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०७/१५ | LT. No. : 288557 | चलानी नं.: ६०२०३९१७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 20 | 0 | 1500 | ४१,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : LIEN HUP PLASTIC SDN.BHD.

पूर्व स्वीकृति मिति २०७९/०३/२० | पुन विज्ञापन स्वीकृति मिति २०८०/०७/१५ | LT. No. : 266280 | चलानी नं.: ६०१८२५०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 40 | 0 | 1500 | ४१,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० कार्तिक २३ गते (9th Nov. 2023) मा हुनेछ ।

